कोशी प्रदेश सरकार
# स्वास्थ्य मन्त्रालय
नीति योजना तथा समन्वय शाखा
विराटनगर, नेपाल

प.सं. :- ०८३/८४
च.नं. :- ५११

मिति :- वि.सं. २०८३/०६/०८

ने.स. :- ११४६ ञँलाथ्व,१३ बिहिवार

विषयः सम्भावित विपद् र स्वास्थ्य आपतकालीन पूर्व तयारी सम्बन्धमा।

श्री स्वास्थ्य निर्देशनालय, धनकुटा
श्री स्वास्थ्य तालिम केन्द्र, धनकुटा
श्री प्रदेश जनस्वास्थ्य प्रयोगशाला, डिग्री कलेज, चौक
श्री प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, देवकोटा चौक
श्री स्वास्थ्य कार्यालय , सबै, कोशी प्रदेश
श्री अस्पताल, सबै, कोशी प्रदेश।
श्री जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र/अस्पताल, सबै, कोशी प्रदेश

प्रस्तुत विषयमा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाबाट राष्ट्रव्यापी रुपमा गराइएको जानकारीअनुसार वि.सं २०८३ असोज ९ गतेदेखि कोशी प्रदेश हुँदै देशका विभिन्न स्थानमा मेघगर्जन, हावाहुरी सहितको भारी वर्षाको सम्भावना रहेको बेहोरा सबैमा विदितै छ। उक्त अवधिमा बाढी पहिरो गेग्रान बहाव र डुबानका कारण मानवीय क्षति, स्वास्थ्य प्रतिकुलता, स्वास्थ्य संस्थाको संरचनात्मक क्षति मात्र नभई उक्त विपद् पश्चात् झाडापखाला, हैजा, टाइफाइड, हेपाटाइटिस, लेप्टोस्पाइरोसिस, डेंगी, स्क्रब टाइफस, सर्पदंश, छाला रोग जस्ता स्वास्थ्य समस्या बढ्न सक्ने जोखिम हुने हुँदा यी सम्भावित जोखिम न्यूनीकरण एवं व्यवस्थापन गर्न स्वास्थ्य सेवा विभागबाट जारी "द्रुत प्रतिकार्य टोली तथा आपतकालीन चिकित्सकीय समूह परिचालन सम्बन्धी निर्देशिका, २०७९" बमोजिम देहायका कार्य तत्काल गर्नुहुन निर्देशानुसार अनुरोध छ।

**क. सबै निकायका लागि साझा निर्देशन:**

१. निर्देशिकाको दफा ८ र ९ बमोजिम द्रुत प्रतिकार्य टोली (RRT) तथा दफा १५(३) बमोजिम आपतकालीन चिकित्सकीय समूह(EMT) अद्यावधिक गरी सदस्यहरूको नाम, पद र सम्पर्क नम्बर सहितको विवरण संलग्न ढाँचामा मिति २०८३।०६।०८ गतेभित्र मन्त्रालयको इमेल ठेगाना info.moh@koshi.gov.np मा र प्रादेशिक स्वास्थ्य आपतकलीन कार्यसञ्चालन केन्द्र (PHEOC) को इमेल ठेगाना pheocmosd1@gmail.com मा पठाउनुहुन।

२. चौबिसै घण्टा सम्पर्कमा रहने गरी एकजना आपतकालीन सम्पर्क व्यक्ति (focal person) तोकी सोही इमेल मार्फत् जानकारी गराउनुहुन।

३. असोज ८ गतेदेखि १२ गतेसम्म टोलीका सदस्य र आवश्यक कर्मचारीलाई कार्यस्थल नछोड्ने गरी तयारी अवस्थामा राख्नुहुन र अत्यावश्यक बाहेक विदा स्वीकृत नगर्नुहुन।

४. एम्बुलेन्स, सवारी साधन, सञ्चार साधन, जेनेरेटर/इन्धन तथा RRT/EMT किट चालु अवस्थामा राख्नुहुन।

५. निर्देशिकाको दफा १४ बमोजिमको समन्वय तथा सञ्चार प्रवाह अनुसार स्थानीय द्रुत प्रतिकार्य समिति, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायसँग निरन्तर समन्वय गर्नुहुन।

६. घटना भएमा तत्काल प्रारम्भिक जानकारी र त्यसपछि दैनिक स्थिति प्रतिवेदन (SitRep) हरेक दिन बेलुका ५ बजेभित्र स्वास्थ्य मन्त्रालय र PHEOC मा पठाउनुहुन। कुनै घटना नभए पनि "शुन्य प्रतिवेदन" पठाउनुहुन।

७. Notifiable disease देखिएमा मन्त्रालय र PHEOC मा जानकारी पठाउनुहुन।

८. टोली परिचालनमा लाग्ने खर्च वार्षिक कार्यक्रमबाट व्यवस्थापन गर्नुहुन र थप रकम आवश्यक भएमा यस मन्त्रालयमा पत्राचार गर्नुहुन।

**ख. निकायगत निर्देशन:**

१. **स्वास्थ्य निर्देशनालय:** निर्देशिकाको दफा ६ र ७ बमोजिम प्रादेशिक द्रुत प्रतिकार्य समितिको बैठक तत्काल बोलाई परिस्थितिको मूल्याङ्कन गर्नुहुन। दफा ८ बमोजिम प्रादेशिक RRT परिचालनका लागि तयारी अवस्थामा राख्नुहुन र जिल्लागत अनुगमनको तयारी गर्नुहुन।

२. **स्वास्थ्य कार्यालय:** निर्देशिकाको दफा ९ बमोजिम कार्यालय प्रमुखको संयोजकत्वमा जिल्ला RRT अद्यावधिक गरी आवश्यकता अनुसार बैठक गर्नुहुन। पालिकाहरूलाई दफा १० र ११ बमोजिम स्थानीय द्रुत प्रतिकार्य समिति र टोली सक्रिय गर्न सहजीकरण गर्नुहुन। रोग तथा घटना निगरानी दैनिक गर्नुहुन। जोखिमयुक्त क्षेत्रको स्वास्थ्य संस्थामा औषधि, ORS, zinc tablet र पानी शुद्धीकरण सामग्री पूर्वभण्डारण गर्नुहुन।

३. **अस्पताल:** अस्पताल विपद् पूर्व तयारी प्रतिकार्य योजना (HDPRP) सक्रिय गर्नुहुन। निर्देशिकाको दफा १५(३) बमोजिम हब तथा स्याटेलाइट अस्पताल सञ्जालबाट कम्तीमा दुई वटा EMT(चिकित्सक, नर्स, प्यारामेडिक्स सहित) परिचालनका लागि तयारी अवस्थामा राख्नुहुन।जिल्ला RRT का लागि चिकित्सक उपलब्ध गराउनुहुन। आकस्मिक कक्षमा Triage र सामूहिक घाइते व्यवस्थापन (MCM) तयारी व्यवस्थापन गर्नुहुन। आकस्मिक शैय्या, रगत, अक्सिजन र शल्यक्रिया सामग्रीको उपलब्धता सुनिश्चित गर्नुहुन। प्रेषण प्रणाली र एम्बुलेनस चालु राख्नुहुन।

४. **आयुर्वेद स्वास्थ्य केन्द्र/अस्पताल:** आवश्यक औषधी र जनशक्ति तयारी अवस्थामा राखी जिल्ला RRT र स्थानीय RRT लाई सहयोग गर्न तयार रहनुहुन।


फोन नं: ०२१-५९०६७२, इमेल : info.moh@p1.gov.np, वेबसाइट : moh.koshi.gov.np

५. **प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रः** अत्यावश्यक औषधी, IV fluid, ORS, Zinc, पानी शुद्धीकरण चक्की/झोल, सर्पदंश विरुद्धको औषधी (ASV), ड्रेसिङ सामग्री, PPE तथा हैजा/झाडापखाला किटको बफर मौज्दात यकिन गर्नुहुन। माग भएको २४ घण्टाभित्र आपूर्ति हुने गरी तयारी अवस्थामा रहनुहुन र मौज्दात विवरण यस मन्त्रालयमा पठाउनुहुन।

६. **प्रदेश जनस्वास्थ्य प्रयोगशालाः** नमूना संकलन तथा ढुवानी किट, हैजा RDT, पानी गुणस्तर परीक्षण सामग्री तयारी अवस्थामा राख्नुहुन। प्रादेशिक RRT मा प्रयोगशाला प्राविधिक परिचालन गर्न तयारी राख्ने। प्रकोप शंका भएमा नमूना परीक्षणलाई प्राथमिकता दिनुहुन।

७. **प्रदेश स्वास्थ्य तालिम केन्द्रः** तालिम प्राप्त जनशक्तिको विवरण तयार गर्नुहुन, जनशक्ति तयारी अवस्थामा राखी आवश्यकताअनुसार प्रदेश/जिल्ला RRT लाई सहयोग गर्न तयारी अवस्थामा रहनुहुन।

**तयारी विवरण ढाँचा**

कार्यालयको नामः जिल्लाः आपतकालीन सम्पर्क व्यक्तिः

**प्रतिकार्य टोलीको विवरणः**

| सि.नं | टोली(RRT/EMT) | नाम थर | पद | टोलीको भूमिका | मोबाइल नं |
|---|---|---|---|---|---|
| १ | | | | टोली प्रमुख | |
| २ | | | | | |
| ३ | | | | | |

**स्रोतसाधनको अवस्थाः**

| सि.नं | विवरण | उपलब्ध संख्या | कैफियत |
|---|---|---|---|
| १ | चालु अवस्थाका एम्बुलेन्स/सवारी साधन | | |
| २ | RRT/EMT kit | | |
| ३ | आकस्मिक प्रयोजनका लागि छुट्याइएका शैय्या (अस्पतालको हकमा) | | |

| | | | |
|---|---|---|---|
| ४ | ORS/Zinc र पानी शुद्धीकरण सामग्री | | |
| ५ | सर्पदंश विरुद्धको औषधी (ASV) | | |
| ६ | अन्य | | |

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Shrijana Paudel
paudelshrijana8@gmail.com

(श्रृजना पौडेल)
वरिष्ठ कम्यूनिटी नर्सिङ अधिकृत

सादर अवगतार्थ :
श्री डा. राम हरि रेग्मी
स्वास्थ्य प्रशासक
अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा
बोधार्थः
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, सोमबारे हाट, विराटनगर ।
श्री उपमा कोइराला, स्टाफ नर्स, प्रदेशिक स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्र ।